"अधिकार र कर्तव्यको लागि शिक्षक एकता"
(Teacher's unity for rights and responsibility)

का.जि.प्र.का. द.नं. ०२/०१०

# नेपाल शिक्षक महासङ्घ

## राष्ट्रिय समिति

केशरमहल, काठमाडौं

प.सं.

च.नं. ५२-२०८०

२०८०।०४।२६

# नेपाल शिक्षक महासङ्घको अपील

नेपाल शिक्षक महासङ्घ देशको शिक्षाको विकास तथा नेपाली शिक्षक-कर्मचारीको पेसागत हकहितको प्राप्ति र संरक्षणका पक्षमा काम गर्ने पेसागत छाता संस्था हो । नेपाली शिक्षक-कर्मचारीका पेसागत हकहित र उन्नत विद्यालय शिक्षा विपक्षमा हुने कुनै पनि षडयन्त्र, अभियान र प्रयत्नहरूका विरोधमा उभिनु यसको कर्तव्य नै हो ।

अहिले सार्वजनिक भएको 'विद्यालय शिक्षा ऐन २०८०' ले प्रबन्ध गरेका केही दफाहरू संविधान प्रदत्त ट्रेड युनियन अधिकार, पेसागत सुरक्षा र स्वभिमानको खिलाफमा रहेका छन् । यस मस्यौदाले शिक्षक महासङ्घ र नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय बीच भएका सहमतीलाई समग्रमा समेट्न सकेको छैन । त्यसै गरी स्थायी ,अस्थायी/करार, राहत , साविक उमावि, बालकक्षा, विशेष शिक्षा, शिक्षण सिकाइ अनुदान, प्राविधिक धार लगायत सबै खाले शिक्षक र विद्यालय कर्मचारीका मागमुद्दाको यथोचित सम्बोधन यसले गर्न सकेको छैन । वि.सं.२०७५ तथा त्यसपछि स्थायी भएका शिक्षकहरूलाई पेन्सन प्रयोजनमा यस मस्यौदाले अन्याय गर्न खोजेको छ । यसरी शिक्षण पेसाप्रतिको आकर्षण र सम्मानमाथि यस मस्यौदाले नियोजित ढङ्गबाट प्रहार गरेको छ । त्यसैले आम नेपाली शिक्षक-कर्मचारीले यो मस्यौदामा रहेका विद्यालय शिक्षा र शिक्षक-कर्मचारी विरोधी प्रवन्धहरु परिवंतन गर्नु पर्ने पक्षमा आवाज बुलन्द गरिरहेका छन् । यही कारण नेपाल शिक्षक महासङ्घले ट्रेड युनियन अधिकार, उन्नत विद्यालय शिक्षा र शिक्षक-कर्मचारी मैत्री सङ्घीय शिक्षा ऐन अविलम्व संसदमा दर्ता गर्न समेत माग गर्दै २०८० साउन २८ गतेवाट आन्दोलन शुरु गर्ने निर्णय गरेको छ । यस आन्दोलनमा सक्रिय सहभागी भई यसलाई बलियो र सफल तुल्याउन हामी सबै शिक्षक-कर्मचारी साथीहरुमा अपील गर्दछौं । यसैगरी शिक्षक-कर्मचारीको पेसागत मर्यादा, हकअधिकार र देशको शिक्षाको विकासप्रति लक्षित न्यायोचित मागहरू अघि सारी गरिएको यस आन्दोलनप्रति सद्भाव र सकारात्मक सहयोग पुऱ्याउन हामी सबै अभिभावक, विद्यार्थी, वि.व्य.स. पदाधिकारी लगायत सबै सरोकार पक्षसँग हार्दिक अपील गर्दछौं ।

औरही नगरपालिका
दर्ता नं. ४४६
दर्ता मिति : २०८०।४।२८

नेपाल शिक्षक महासङ्घ, राष्ट्रिय समितिको कार्यालय, केशरमहल, काठमाडौं, फोन नं. : ०१-४४११२२५
मोबाइल नं. : ९८४१२९७९३८, ९८५१२५३३३१, इमेल : cnt.cnt@gmail.com

"अधिकार र कर्तव्यको लागि शिक्षक एकता"
(Teacher's unity for rights and responsibility)

cnt
ने.शि.म.

# नेपाल शिक्षक महासङ्घ
## राष्ट्रिय समिति
केशरमहल, काठमाडौं

प.सं.

च.नं.

आन्दोलनका कार्यक्रम:

क) पहिलो चरण:

१. पालिका कार्यालयमा धर्ना : वि.सं. २०८० साउन २८ गते आइतबार देशका हरेकमा पालिका कार्यालयमा सम्बन्धित पालिकाका शिक्षक-कर्मचारी उपस्थित भई ३ घण्टा (११:०० बजे देखि २:०० बजेसम्म) धर्ना दिने । धर्नाको समापन सँगै ३० बुँदे र ५१ बुँदे सहमतीका छायाप्रति सहित केन्द्रबाट पठाएको जानकारीपत्र पालिका समक्ष पेशगर्ने ।कार्यक्रमको संयोजन महासङ्घ र आवद्ध/सम्वद्ध संस्थाका पालिका समितिले गर्ने ।

२.जिल्ला समन्वय एकाइमा धर्ना : वि.सं.२०८० साउन ३० गते मंगलवार देशका हरेक जिल्लाको शिक्षा विकास तथा समन्वय एकाइमा सम्वन्धित जिल्लाका शिक्षक-कर्मचारी उपस्थित भई ३ घण्टा(११:०० बजे देखि २:०० बजेसम्म) धर्ना दिने । धर्नाको समापन सँगै ३० बुँदे र ५१ बुँदे सहमतीका छायाप्रति सहित केन्द्रबाट पठाएको जानकारी पत्र पेश गर्ने । कार्यक्रमको संयोजन महासङ्घको जिल्ला समिति तथा यसका आवद्ध/सम्वद्ध संस्थाका जिल्ला समितिले गर्ने ।

३.प्रदेशको सामाजिक विकास मन्त्रालयमा धर्ना: वि.सं. २०८० साउन ३२ गते मंगलबार सबै प्रदेशका महासङ्घ तथा यसका आवद्ध/सम्वद्ध संस्थाका प्रदेश समिति तथा जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरु जम्मा भई प्रदेशको सामाजिक विकास मन्त्रालयमा ३ घण्टा(११:०० बजे देखि २:०० बजेसम्म) धर्ना दिने । धर्नाको समापन सँगै ३० बुँदे र ५१ बुँदे सहमतीका छायाप्रति सहित केन्द्रबाट पठाएको जानकारी पत्र पेश गर्ने । कार्यक्रमको संयोजन महासङ्घको प्रदेश समिति तथा आवद्ध/सम्वद्ध संस्थाका प्रदेश समितिले गर्ने ।

४.संसद सदस्यलाई जानकारी तथा पक्षीकरण: वि.सं.२०८० भाद्र १ गते शुक्रबार सबै प्रदेश तथा सङ्घीय सांसद समक्ष सम्वन्धित जिल्लाका महासङ्घ तथा आवद्ध/सम्वद्ध संस्थाका नेतृत्वले ३० बुँदे र ५१ बुँदे सहमतीका छायाप्रति वुझाउँदै सङ्घीय शिक्षा ऐन निर्माणमा विद्यालय शिक्षा र शिक्षक-कर्मचारीका मागमुद्दाको पक्षीकरणमा सहयोग गर्न आग्रह गर्ने ।

५. केन्द्रमा पक्षीकरण: यो अवधिमा महासङ्घ राष्ट्रिय समिति तथा आवद्ध/सम्वद्ध संस्थाको मुख्य नेतृत्वले नेपाल सरकार, राजनीतिक दलका मुख्य नेता, संसदीय दलका प्रमुख सचेतक, संसदको शिक्षा, स्वास्थ्य र सूचना प्रविधि समितिका सांसदहरुसँग अन्तरक्रिया, भेटघाट, छलफल तथा पक्षीकरण गर्ने ।

ख) दोस्रो चरण :

१. काठमाडौंमा वृहत् प्रदर्शन: नयाँ सङ्घीय शिक्षा संसदमा दर्ता भएको पाँचौं दिनबाट देशभरिका शिक्षक-कर्मचारी उपस्थित भई काठमाडौंमा लगातार वृहत् विरोध प्रदर्शन गर्ने ।

L.K. Subedi

लक्ष्मीकिशोर सुवेदी
महासचिव

कमला तुलाधर
अध्यक्ष



... कार्यालय, केशरमहल, काठमाडौं, फोन नं. : ०१-४४११५२५

## नयाँ सङ्घीय शिक्षा ऐनबाट सम्बोधन हुनुपर्ने

# शिक्षक-कर्मचारीका मागमुद्दाहरु

शिक्षाको गुणस्तर विकासको प्रमुख कडी शिक्षक हो । शिक्षाको विकासका लागि विश्वविद्यालयबाट उत्पादन हुने सबभन्दा उत्कृष्ट जनशक्तिलाई शिक्षण पेसामा प्रवेश गराउने र टिकाउने योजना चाहिन्छ । यसका साथै कार्यरत शिक्षकको उत्साह, अभिप्रेरणा र सन्तुष्टिका लागि राज्यले यथेष्ट प्रयत्न गर्नुपर्छ तर अहिलेको हाम्रो अवस्था यसको ठिक विपरित छ । श्रम बजारमा निस्केका जनशक्तिले शिक्षण पेसालाई सबभन्दा कान्छो प्राथकिमताको पेसामा राखेको छ । अहिले अन्य पेसामा स्थान नपाउँदा मात्र मानिसहरु यस पेसामा आउने अवस्था छ । पेसामा आएकाहरु पनि लामो समय टिक्दैनन् । जो पेसामा रहीरहेका छन्, ती पनि आफ्नो अवस्थाप्रति सन्तुष्ट छैनन् । अधिकांश कार्यरत शिक्षकहरु आफ्नो शिक्षण पेसाको चयनप्रति पछुतो गरीरहेका छन् । यस्तो अवस्था किन भएको होला ? मानिसहरू किन शिक्षक हुन चाहिरहेका छैनन् ? यस पेसालाई मानिसको पहिलो रोजाइको पेसा बनाउन किन सकिएन ? यसमा गहन अध्ययन अनुसन्धान हुनुपर्छ । नेपालमा शिक्षण पेसाप्रति मानिस आकर्पित नहुने अवस्था अकारण छैन । यसलाई प्रष्ट पार्न विद्यालयमा कार्यरत नेपाली शिक्षक-कर्मचारीले व्यहोरीरहेका समस्याहरु उल्लेख गर्नुका साथै यी समस्याको सम्वोधन गर्न जारी हुने कममा रहेको 'विद्यालय शिक्षा ऐन २०८०' ले गर्नुपर्ने प्रवन्धका बारेमा संक्षिप्त चर्चा गरिएको छ ।

**१.स्थायित्वको विषय :** करीब दुई दशक देखि विद्यालयमा कार्यरत राहत र साविक उमावि शिक्षकहरु अझै अस्थायी नै रहेका छन् । यी शिक्षकको स्थायित्वको सवाल कहिल्यै राज्यको प्राथमिकतामा परेको देखिदैन । ऐनको प्रस्तावित मस्यौदाले कार्यरत यी शिक्षक माथि फेरि अन्याय गर्न खोजेको छ । राहत र साविक उमाविका शिक्षकका हकमा ने.शि.महासङ्घ र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय बीच कार्यरत राहत/साविक उमावि शिक्षकलाई उमेरको हद नलगाई अस्थायी शिक्षकको जस्तै आन्तरिक/खुला विधिबाट शिक्षक सेवा आयोग मार्फत स्थायी गर्ने सहमती भएको हो । साथै परीक्षामा सामेल नहुने र सामेल भएर सफल हुन नसक्ने शिक्षकका लागि अस्थायी शिक्षकले पाए सरहको गोल्डेन हेन्डसेकको सुविधा दिने कानुनी प्रबन्ध गरिनुपर्छ भन्ने माग समेत रहेको छ ।

लामो समयसम्म सरकार र महासङ्घ बीच भएको सहमती लागू नहुँदा सन्दर्भ परिवर्तन भई उत्पन्न नयाँ परिस्थितिमा यी शिक्षकहरू नयाँ माग सहित अघि आएका छन् । कार्यरत यी शिक्षकहरु चाहन्छन्- उनीहरुकालागि योगदानमा आधारित सामाजिक सुरक्षा

## नयाँ सङ्घीय शिक्षा ऐनबाट सम्बोधन हुनुपर्ने

# शिक्षक-कर्मचारीका मागमुद्दाहरु

शिक्षाको गुणस्तर विकासको प्रमुख कडी शिक्षक हो । शिक्षाको विकासका लागि विश्वविद्यालयबाट उत्पादन हुने सबभन्दा उत्कृष्ट जनशक्तिलाई शिक्षण पेसामा प्रवेश गराउने र टिकाउने योजना चाहिन्छ । यसका साथै कार्यरत शिक्षकको उत्साह, अभिप्रेरणा र सन्तुष्टिका लागि राज्यले यथेष्ट प्रयत्न गर्नुपर्छ तर अहिलेको हाम्रो अवस्था यसको ठिक विपरित छ । श्रम बजारमा निस्केका जनशक्तिले शिक्षण पेसालाई सबभन्दा कान्छो प्राथकिमताको पेसामा राखेको छ । अहिले अन्य पेसामा स्थान नपाउँदा मात्र मानिसहरु यस पेसामा आउने अवस्था छ । पेसामा आएकाहरु पनि लामो समय टिक्दैनन् । जो पेसामा रहीरहेका छन्, ती पनि आफ्नो अवस्थाप्रति सन्तुष्ट छैनन् । अधिकांश कार्यरत शिक्षकहरु आफ्नो शिक्षण पेसाको चयनप्रति पछुतो गरीरहेका छन् । यस्तो अवस्था किन भएको होला ? मानिसहरू किन शिक्षक हुन चाहिरहेका छैनन् ? यस पेसालाई मानिसको पहिलो रोजाइको पेसा बनाउन किन सकिएन ? यसमा गहन अध्ययन अनुसन्धान हुनुपर्छ । नेपालमा शिक्षण पेसाप्रति मानिस आकर्षित नहुने अवस्था अकारण छैन । यसलाई प्रष्ट पार्न विद्यालयमा कार्यरत नेपाली शिक्षक-कर्मचारीले व्यहोरीरहेका समस्याहरु उल्लेख गर्नुका साथै यी समस्याको सम्बोधन गर्न जारी हुने कममा रहेको 'विद्यालय शिक्षा ऐन २०८०' ले गर्नुपर्ने प्रबन्धका बारेमा संक्षिप्त चर्चा गरिएको छ ।

**१.स्थायित्वको विषय :** करीब दुई दशक देखि विद्यालयमा कार्यरत राहत र साविक उमावि शिक्षकहरु अझै अस्थायी नै रहेका छन् । यी शिक्षकको स्थायित्वको सवाल कहिल्यै राज्यको प्राथमिकतामा परेको देखिदैन । ऐनको प्रस्तावित मस्यौदाले कार्यरत यी शिक्षक माथि फेरि अन्याय गर्न खोजेको छ । राहत र साविक उमाविका शिक्षकका हकमा ने.शि. महासङ्घ र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय बीच कार्यरत राहत/साविक उमावि शिक्षकलाई उमेरको हद नलगाई अस्थायी शिक्षकको जस्तै आन्तरिक/खुला विधिबाट शिक्षक सेवा आयोग मार्फत स्थायी गर्ने सहमती भएको हो । साथै परीक्षामा सामेल नहुने र सामेल भएर सफल हुन नसक्ने शिक्षकका लागि अस्थायी शिक्षकले पाए सरहको गोल्डेन हेन्डसेकको सुविधा दिने कानुनी प्रबन्ध गरिनुपर्छ भन्ने माग समेत रहेको छ ।

लामो समयसम्म सरकार र महासङ्घ बीच भएको सहमती लागू नहुँदा सन्दर्भ परिवर्तन भई उत्पन्न नयाँ परिस्थितिमा यी शिक्षकहरू नयाँ माग सहित अघि आएका छन् । कार्यरत यी शिक्षकहरु चाहन्छन्- उनीहरुकालागि योगदानमा आधारित सामाजिक सुरक्षा

कोषको प्रबन्ध होस् वा सबै दरबन्दीलाई स्वीकृत दरबन्दीमा परिणत गरी सामान्य प्रक्रियाद्वारा शिक्षक सेवा आयोग मार्फत् स्थायी गरियोस् । यो ऐनले यो माग सम्बोधनको प्रबन्ध गर्नुपर्दछ ।

त्यसैगरी फरक अवस्था र प्रकृतिका भएका कारण विशेष शिक्षा परिषदको दरबन्दीमा कार्यरत शिक्षकहरुको आफ्नालागि परीक्षा सम्बन्धी विशेष व्यवस्था गरी शिक्षक सेवा आयोगबाट स्थायी गर्ने प्रबन्ध गर्नुपर्छ भन्ने माग छ । वि.स २०७२ असोज ३ पछिका अस्थायी/करार शिक्षकको पनि त्यस अघिका अस्थायी शिक्षकलाई जस्तै आन्तरिक खुला परीक्षाको व्यवस्था गरी स्थायी गर्ने प्रबन्ध गरिनुपर्छ भन्ने माग छ । त्यसैगरी प्राविधिक धार, शिक्षण सिकाइ अनुदान लगायतका शिक्षक कोटालाई स्वीकृत दरबन्दीमा परिणत गर्ने र शिक्षक सेवा आयोग मार्फत् स्थायीत्वको व्यवस्था गर्ने कुरा ऐनमा लेखिनुपर्दछ भन्ने माग रहेको छ । सबैखालका अस्थायी प्रकृतिका शिक्षककालागि सेवा अवधिको गणना सहित गोल्डेन हैन्डसेकको व्यवस्था समेत हुनुपर्छ विषय महासङ्घले उठाउँदै आएको छ ।

**२.पारिश्रमिकको विषयः** .विद्यालय शिक्षाको आधार स्तम्भको रुपमा रहेको प्रारम्भिक बाल शिक्षामा काम गर्ने शिक्षकहरु न्यून तलवमा काम गर्न बाध्य छन् । यही समस्या विद्यालय कर्मचारीको पनि छ । जीवन निर्वाहको पाटोबाट यिनको पारिश्रमिक कति सान्दर्भिक होला ? अहिलेको पारिश्रमिकमा कुन उत्साह र आशामा उनीहरुले काम गर्ने हो ? उनीहरुले कहिलेबाट दरबन्दी पाउने ? कहिलेबाट दरवन्दीअनुसारको तलब पाउने ? अनि कहिले र कसरी स्थायी हुने ? यी प्रश्नहरु अझै अनुत्तरित छन् । त्यसैले नयाँ सङ्घीय शिक्षा ऐनमा बालकक्षाका शिक्षक र विद्यालय कर्मचारीको लागि दरबन्दी सिर्जना, दरबन्दी बमोजिम् तलबको व्यवस्था र महासङ्घसँग भएको सहमती अनुसार स्थायित्वको प्रबन्ध गर्नुपर्छ । अहिलेको ऐनको मस्यौदाले प्रारम्भिक बाल शिक्षालाई विद्यालय संरचना बाहिर राखेको छ । विद्यालय शिक्षाको आधार रहेको प्रारम्भिक बालशिक्षालाई यही ऐन मार्फत विद्यालय संरचना भित्र ल्याइनुपर्छ ।

**३. अस्थायी अवधि गणना तथा निवृत्तीभरणको विषय :** हाम्रै देशको विश्व विद्यालयमा पेन्सन प्रयोजनका लागि सबै अस्थायी अवधि गणना हुने गरेको छ । त्यसैले विद्यालय शिक्षामा पनि सो प्रबन्ध लागू गरिनुपर्छ । यसबाट सबै स्थायी शिक्षक लाभान्वित हुनेछन् । कम्तीमा पनि पेन्सनकालागि आवश्यक पर्ने अस्थायी अवधि गणना गर्ने प्रबन्ध त राज्यले गर्नैपर्छ । त्यसैले लामो समय अस्थायी सेवा गरी स्थायी भएका शिक्षकको हकमा यही ऐन मार्फत् आवश्यक अस्थायी अवधि गणना गरी पेन्सनको व्यवस्था गरिनुपर्छ । त्यस्तै नयाँ ऐन जारी हुनअघि स्थायी भएका शिक्षकलाई पुरानै प्रणाली अनुसार निवृत्तीभरण दिने कानुनी प्रबन्ध हुनुपर्छ ।

**४. बढुवाको सम्बन्धी व्यवस्थाको विषय :** सेवारत पुराना स्थायी शिक्षकहरु पनि अत्यन्त पीडामा छन् । वि..सं. २०६० र २०६३ मा स्थायी भएका धुप्रै शिक्षकहरुको अझै एक श्रेणी

पनि बढुवा हुनसकेको छैन । मौजुदा बढुवा प्रणालीले शिक्षकलाई न्याय गरेन र गर्दैन । अहिलेको बढुवा अनुपात(८०:१८:२)ले हरेक १०० शिक्षक भित्र ८० जनालाई बढुवाको ठाउँ नै दिदैन । यस्ता शिक्षकलाई न्याय दिन आवधिक बढुवा को व्यवस्था चाहिन्छ । त्यसैले अब आउने शिक्षा ऐनमा आवधिक बढुवाको प्रबन्ध समावेश हुनुपर्छ ।

विश्वविद्यालय सेवा, निजामती सेवा, प्रहरी, सेना लगायत सबै पेसामा विशिष्ट श्रेणीको प्रबन्ध छ तर विद्यालय शिक्षा सेवामा यसको व्यवस्था गरिएको छैन । विशिष्ट श्रेणी को व्यवस्था शिक्षण पेसाप्रतिको आकर्षण तथा शिक्षकको मान,सम्मान र स्वभिमानसँग जोडिएको कुरा हो । त्यसैले नयाँ ऐनले शिक्षक बढुवामा विशिष्ट श्रेणीको व्यवस्था गर्नुपर्दछ ।

शिक्षक-विद्यार्थी अनुपात अनुसार तल्लो तह(प्राथमिक तह)मा शिक्षकहरुको सङ्ख्या धेरै रहेको छ । माथिल्लो योग्यता र अध्यापन अनुमतीपत्र भएका तर तल्लो तहमा काम गरीरहेका स्थायी शिक्षकलाई बढुवा गर्दा क्रमश: माथिल्लो तहमा लैजान तहगत बढुवाको प्रवन्ध गरिनुपर्छ । साथै शिक्षक सेवा आयोगको हरेक खुला परीक्षामा निश्चित प्रतिशत कोटा तल्लो तहमा कार्यरत स्थायी शिक्षकका लागि आरक्षण गरिनुपर्छ ।

**५. ग्रेड र तलब विभेद मिलानको विषय :** शिक्षण पेसाका केही तह र श्रेणीमा समान तहको निजामती सेवामा भन्दा अन्तिम ग्रेड सङ्ख्या कम रहेको छ । यो कुरा यहाँ रहेको तालिकाले प्रष्ट पार्दछ ।

| शिक्षकको पद | अन्तिम ग्रेड सङ्ख्या | समान तहको निजामती पद | अन्तिम ग्रेड सङ्ख्या | फरक |
|---|---|---|---|---|
| प्राथमिक तृतीय | ६ | खरिदार | १० | ४ |
| प्राथमिक द्वितीय | ८ | नायब सुब्बा | १० | २ |
| निम्नमाध्यमिक तृतीय | ८ | नायब सुब्बा | १० | २ |
| माध्यमिक प्रथम | ६ | सहसचिव | ७ | १ |

यो विभेदको तुरुन्त अन्त्य हुनुपर्छ । साथै नि.मा.वि. प्रथम र मा.वि.द्वितीयको तलब मान फरक रहेको छ । यो अन्यायपूर्ण छ । आम शिक्षकले यी विभेदको अलिवम्ब अन्त्य खोजेका छन् । यो विभेदको सँधैकालागि अन्त्य गर्न नयाँ ऐनमा शिक्षकको तलबभत्ता र ग्रेड समान तहका निजामती सेवाका कर्मचारीको भन्दा कम हुने छैन भनी उल्लेख गर्नुपर्छ ।

**६. विद्यालय प्रधानाध्यापकको प्रबन्धको विषय:** विद्यालयको प्राज्ञिक, प्रशासनिक तथा व्यवस्थापकीय नेतृत्वको दायित्व प्रधानाध्यापकमा रहेको छ । त्यसैले शिक्षक सेवा आयोगबाट सोझै परीक्षा लिएर विद्यालय प्रधानाध्यापक नियुक्तिका लागि सिफारिस गर्ने व्यवस्था गर्दा योग्य र सक्षम व्यक्तिहरु प्र.अ.मा चयन हुन्छन् । यस व्यवस्थाले राजनैतिक आग्रह र पक्षधरताका आधारमा स्थानीय तहमा हुने चलखेलको समेत अन्त्य हुन्छ । त्यसैले

निश्चित सुविधा सहित शि.से. आयोगबाट प्र.अ.नियुक्ति सिफारिस हुने निति तथा ऐनमा आउनुपर्छ ।

७.पद समायोजनको विषय : नोकिएको मागमा गई सार्ने प्राथमिक द्वितीय र निमा द्वितीयमा भर्ना भएका र त्यहीबाट माथिल्लो श्रेणीमा बढुवा भएका सबै सबै शिक्षकलाई समान स्तरको माथिल्लो तहको पदमा समायोजन गर्ने कुरा नयाँ ऐनमा आउनुपर्छ । अहिलेको मस्यौदामा यो विषय समावेश हुन छुटेको देखिन्छ ।

८. शिक्षण काउन्सिलको विषय : शिक्षकको रजिस्ट्रेसन ,तालिम तथा पेशागत विकास लगायतका काम गर्ने गरी ऐनमा शिक्षण काउन्सिलको व्यवस्था गर्नुपर्छ ।

९. शिक्षकको सरुवा र कार्यसम्पादन मूल्याङ्कनको विषय: सार्वजनिक भएको प्रस्तावित मस्यौदाले शिक्षकको सरुवा र कार्यसम्पादन मूल्याङ्कनमा पालिकालाई मुख्य भूमिकामा राखेको देखिन्छ । यस प्रबन्धबाट शिक्षकको पेशागत सुरक्षा र वृत्ति विकास स्थानीय राजनैतिक आग्रहको शिकार हुने निश्चित हुन्छ । विभिन्न पालिकामा शिक्षकले अहिले व्यहोरिरहेका अन्यायपूर्ण व्यवहार र अपमानबाट पनि यो कुरा प्रमाणित हुँदै आएको छ । यस्तो अवस्था आउन नदिन शिक्षकको सरुवाको अधिकार फरक फरक संरचनामा राखिनुपर्छ । पालिकाभित्र शिक्षकको सरुवा दुवै तिरको वि.व्य.स.को सिफारिसमा पालिकाले , जिल्ला भित्रको अन्तर पालिका सरुवा जिल्ला शिक्षा कार्यालयले, प्रदेश भित्रको अन्तर्रजिल्ला सरुवा प्रदेश निर्देशनालयले र अन्तरप्रदेश सरुवा शिक्षा विभागबाट हुने व्यवस्था गर्नुपर्छ । कार्यसम्पादन मूल्याङ्कनमा जिल्लामा रहने शिक्षाको एकाइ/जिल्ला शिक्षा कार्यालयलाई मुख्य भूमिका दिनुपर्छ । साथै लामो बिदा,अध्ययन तथा बेतलबी बिदा स्वीकृतीको अधिकार पनि जिल्लाको शिक्षाको एकाइमा नै हुनुपर्छ ।

१०.द्वन्द र राजनैतिक पीडित शिक्षकको सेवा अवधि जोड्ने विषय : द्वन्दका कारण विस्थापित भएका वा पेशाबाट निस्कन बाध्य भएका अन्य सबै पीडित पक्षले न्याय पाउँदा सबै द्वन्द पीडित शिक्षकले अझै न्याय पाएका छैनन् । द्वन्द पीडित तथा शैक्षिक आन्दोलनमा लागेर आफ्नो जीवन खपाएका शिक्षक नेताहरूको त्यो अवधिको सेवा नजोडिनाले तिनले नियमानुसार पाउनु पर्ने उपदान वा पेन्सन पाएका छैनन् । त्यसैगरी पञ्चायत कालमा व्यवस्था विरोधी भनेर तात्कालीन प्रशासनबाट निष्काशनमा परेका केही शिक्षकहरू अझै सेवा सुविधाबाट विमुख छन् । यो ऐनले त्यस्ता शिक्षकहरूलाई न्याय दिनुपर्छ ।

११. शिक्षकको दुर्गम भत्ताको विषय : दुर्गम क्षेत्रमा कार्यरत शिक्षकलाई त्यहाँ कार्यरत निजामती कर्मचारी सरह दुर्गम भत्ता दिने व्यवस्था गर्ने कुरा यो ऐनमा तोकिनु पर्छ ।

१२.विद्यालय व्यवस्थापन समितिको संरचनाको विषय : विद्यालयको शैक्षिक गुणस्तर विकासमा अत्यधिक चासो र निष्ठा त्यस विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकलाई हुन्छ । त्यसैले वि.व्य.स मा अभिभावकको उपस्थितिको बाहुल्य हुन आवश्यक हुन्छ । संविधानको अनुसूची-८ मा रहेको प्रबन्धको बलमा स्थानीय तहले अहिले मनलाग्दी ढङ्गले

वि.व्य.स. गठन गरिरहेका छन् । यो अवस्थाको अन्त्य गरी देशभरि वि.व्य.स गठनमा एकरुपता कायम गर्न नयाँ शिक्षा ऐनमा नै अभिभावकको बाहुल्य हुने गरी वि.व्य.स.को ठोस संरचना तोक्नुपर्छ ।

**१३.स्थानीय तहमा भएका र हुने ज्यादतीको विषय :** राजनैतिक आग्रह, पारिवारिक तथा सामाजिक द्वन्द र विभेद लगायतका विविध आग्रह र अहम्का कारण स्थानीय तहका निर्वाचित पदाधिकारीको कोपभाजनमा अहिले प्रधानाध्यापक तथा शिक्षक परिरहेको अवस्था छ । यसको एउटै कारण संविधानको अनुसूची-८ क्रमसङ्ख्या-८ (अर्थात विद्यालय शिक्षा स्थानीय तहको एकल अधिकार सूचीमा रहनु) को प्रबन्ध हो । संसारका सङ्घीय मुलुक ( अमेरिका, क्यानाडा, भारत, पाकिस्तान लगायत) को दृष्टान्त हेर्दा विद्यालय तहको शिक्षाको मुख्य अधिकार अधिकांश देशमा प्रदेश संरचनामा व्यवस्थित भएको देखिन्छ । केही देश ( जस्तै मलेसिया, सेन्ट किट्स एन्ड नोभिस, इथियोपिया आदि)मा यो अधिकार सङ्घमा रहेको छ । त्यसैले नेपालको संविधानको यो प्रबन्ध परिवर्तन हुनुपर्छ भन्ने आम शिक्षक-कर्मचारीको माग छ । यसर्थ विद्यालय तहको शिक्षालाई संविधानको अनुसूची-९ (साझा अधिकार सूची) मा राखी तिनै तहका सरकार बीच अधिकार बाँडफाँड गरिनुपर्छ । वास्तवमा तिनै तहका सरकार बीचको सहकार्य नै सङ्घीयताको मर्म हो । यो ऐनसँग नभएर संविधानसँग जोडिएको विषय हो ।

संविधानको अनुसूची-८ मा व्यवस्थित अधिकारको दुरुपयोग गरी अहिले कतिपय स्थानीय तहका निर्वाचित पदाधिकारीले कठपुतली वि.व्य.स.बनाएर विद्यालयलाई आफ्नो मुठ्ठीमा राख्न थालेका छन् । यसले स्वतन्त्र र राजनीति मुक्त शिक्षालयको सोच केवल कल्पना मात्र हुने निश्चित छ । स्थानीय तहमा असिमिति अधिकार कालान्तरमा विद्यालय शिक्षा र शिक्षक-कर्मचारीका लागि घातक हुने निश्चित छ ।

**१४. दरबन्दी हस्तान्तरणको विषय :** सार्वजनिक भएको ऐनको प्रस्तावित मस्यौदाले यो ऐन जारी भएपछि सबै शिक्षक दरबन्दी स्थानीय तहमा हस्तान्तरण हुने भनेको छ । शिक्षक दरबन्दी यसरी स्थानीय तहमा हस्तान्तरण गर्दा भोलि शिक्षकको अन्तरपालिका, अन्तरजिल्ला र अन्तरप्रदेश सरुवा जटिल हुने, शिक्षक विद्यार्थी अनुपात अनुसार दरबन्दी मिलान गर्न नसकिने तथा शिक्षक-कर्मचारीको पेसागत असुरक्षा हुने जस्ता समस्याहरु पैदा हुन्छन् । यसबाट शिक्षण पेसाको मर्यादा खस्कन्छ र यस पेसाप्रतिको आकर्षण समेत घटेर जान्छ । एउटा अवस्था र सेवा र शर्त अनुसार सेवा प्रवेश गरेको पेसाकर्मीलाई उसको मन्जुरी बिना विद्यमान सेवा शर्त, सुविधा परिवर्तन गरिनु कानुन सम्मत पनि होइन । शिक्षकको तलब-भत्ता र सेवा सुविधा सबै सङ्घको जिम्मामा भएपछि दरबन्दी सङ्घ अन्तर्गत नै रहनुपर्दछ । यसैले हाल रहेका शिक्षक दरबन्दी सङ्घीय संरचना अन्तर्गत रहने व्यवस्था यस ऐनले गर्नुपर्दछ ।

CamScanner

**१५.सामाजिक सुरक्षा कोषको विषय :** सामुदायिक विद्यालयका निजी स्रोतका शिक्षक लगायत अन्य अस्थायी प्रकृतिका सबै शिक्षककालागि तत्काल योगदानमा आधारित सामाजिक सुरक्षा कोषको प्रबन्ध गर्ने कुरा यस ऐनमा समावेश गरिनुपर्छ । यो प्रबन्ध मौलिक हक अन्तर्गत संविधानको धारा ३४(२) मा उल्लेखित विषय हो ।

**१६. संस्थागत विद्यालयका शिक्षकहरुको विषय :** निजी(संस्थागत) विद्यालयका शिक्षकको तलवभत्ता सामुदायिक विद्यालयका शिक्षक सरह हुनुपर्छ । सेवा सुविधाको सुनिश्चितताका लागि त्यस्ता शिक्षकको रेकर्ड जिल्ला शिक्षा कार्यालयमा राख्ने व्यवस्था गरिनुपर्छ । साथै संस्थागत विद्यालयका शिक्षक-कर्मचारीलागि योगदानमा आधारित सामाजिक सुरक्षा कोषको प्रबन्ध गरिनुपर्छ भने संस्थागत विद्यालयको अनुगमन र निरीक्षणका लागि महासङ्घको समेत सहभागितामा तहगत अनुगमन समिति वनाउने प्रबन्ध ऐनमा हुनुपर्छ ।

**१७. संविधान प्रदत्त ट्रेड युनियन अधिकारको प्रयोगको विषय :** सार्वजनिक भएको प्रस्तावित मस्यौदामा उल्लेखित कतिपय दफाहरु नेपालको संविधानको भाग-३ (मौलिक हक अन्तर्गत) को धारा १८ को समानताको हक तथा धारा ३४(३) अर्थात श्रमिकको ट्रेड युनियन हक विपरित रहेकाले मस्यौदामा रहेका त्यस्ता प्रबन्धहरु हटाउन आवश्यक छ । नेपाल शिक्षक महासङ्घलाई शिक्षाको विकास तथा शिक्षक-कर्मचारीको हकहित प्राप्ति र संरक्षणको पक्षमा काम गर्ने वलियो संस्थाको रुपमा ऐनले उभ्याउनु पर्छ । लोकतान्त्रिक पद्धति भएका मुलुकमा शिक्षकका पेसागत संस्थाले आफ्ना पेसागत मुद्दा र मर्कामा लेख्न, बोल्न, धर्ना दिन, प्रदर्शन गर्न, दवाव दिन पाउनुपर्छ । यस्तो वन्देज लोकतान्त्रिक प्रणालीप्रतिको उपहास हो । त्यसैले मस्यौदामा रहेका समानताको हक र ट्रेड युनियन अधिकार विरोधी दफाहरु हटाइनुपर्छ ।

**१८. शिक्षक-कर्मचारीको पेसागत सुरक्षाको विषय :** नयाँ ऐनको मस्यौदाले शिक्षक-कर्मचारीमाथि विभागीय कार्वाही( ग्रेड वृद्धि रोक्ने, वढुवा रोक्ने, पेसावाट वर्खास्त गर्ने जस्ता) को अधिकार स्थानीय तहमा प्रस्तावित गरेको छ । यस प्रबन्धले राजनैतिक पक्षधरता र आग्रहका आधारमा अनाहकमा शिक्षक-कर्मचारी दण्डित हुने अवस्था आउँछ । यस्तो अवस्था आउन नदिन यी अधिकारमध्ये ग्रेड वृद्धि र वढुवा रोक्काको अधिकार जिल्ला शिक्षा अधिकारीमा र सेवावाट वर्खास्त गर्ने अधिकार शिक्षक सेवा आयोगको परामर्शमा प्रदेश निर्देशनालयको प्रमुखमा रहनु पर्दछ ।

**१९. औषधी-उपचार खर्चको शर्तमा परिवर्तन भएको विषय :** नयाँ ऐनको मस्यौदाले लामो समय सेवा गर्ने शिक्षकलाइ पहिले देखि नै दिने गरिएको औषधी उपचार खर्चको थप रकम कटौती गरेको छ । विगतमा २० वर्ष, २५ वर्ष र ३० वर्ष भन्दा बढी स्थायी सेवा गरेका शिक्षकलाई नियमानुसार पाउने औषधी उपचार खर्चमा क्रमशः १०%, १५% र २०% थप गरी दिने व्यवस्था थियो । त्यो सुविधा अहिलेको मस्यौदामा हटाइएको छ । विगतमा पाएको सुविधा हटाउने गरी कानुनी प्रबन्ध गरिनु उचित हुँदैन ।

CamScanner

२०.विद्यालयको अनुमती रद्ध गर्ने तथा बन्द गर्ने अधिकारको विषय: प्रस्तावित मस्यौदाले विद्यालयको अनुमती र स्वीकृतीको अधिकार का साथै विद्यालय अनुमती रद्ध गर्ने तथा बन्द गर्ने जस्ता सबै अधिकार स्थानीय तहमा दिएको छ । त्यसैले अनुमती, स्वीकृतीको अधिकार स्थानीय तहमा राखी विद्यालय अनुमती रद्ध गर्ने ,बन्द र खारेज गर्ने अधिकार प्रदेश तहमा राखिनु पर्छ ।

धन्यवाद ।

नेपाल शिक्षक महासङ्घ
राष्ट्रिय समितिको तर्फबाट

CS CamScanner

प.सं. ०२/०८०

"अधिकार र कर्तव्यको लागि शिक्षक एकता"
(Teacher's unity for rights and responsibility)

# नेपाल शिक्षक महासङ्घ
## राष्ट्रिय समिति
केशरमहल, काठमाडौं

प.सं.

च.नं.

## आन्दोलनका कार्यक्रमः

**क) पहिलो चरणः**

१. **पालिका कार्यालयमा धर्ना :** वि.सं. २०८० साउन २८ गते आइतबार देशका हरेकमा पालिका कार्यालयमा सम्बन्धित पालिकाका शिक्षक-कर्मचारी उपस्थित भई ३ घण्टा (११:०० बजे देखि २:०० बजेसम्म) धर्ना दिने । धर्नाको समापन सँगै ३० बुँदे र ५१ बुँदे सहमतीका छायाप्रति सहित केन्द्रबाट पठाएको जानकारीपत्र पालिका समक्ष पेशगर्ने ।कार्यक्रमको संयोजन महासङ्घ र आबद्ध/सम्बद्ध संस्थाका पालिका समितिले गर्ने ।

२.**जिल्ला समन्वय एकाइमा धर्ना :** वि.सं.२०८० साउन ३० गते मगलबार देशका हरेक जिल्लाको शिक्षा विकास तथा समन्वय एकाइमा सम्बन्धित जिल्लाका शिक्षक-कर्मचारी उपस्थित भई ३ घण्टा(११:०० बजे देखि २:०० बजेसम्म) धर्ना दिने । धर्नाको समापन सँगै ३० बुँदे र ५१ बुँदे सहमतीका छायाप्रति सहित केन्द्रबाट पठाएको जानकारी पत्र पेश गर्ने ।, कार्यक्रमको संयोजन महासङ्घको जिल्ला समिति तथा यसका आबद्ध/सम्बद्ध संस्थाका जिल्ला समितिले गर्ने ।

३.**प्रदेशको सामाजिक विकास मन्त्रालयमा धर्नाः** वि.सं. २०८० साउन ३२ गते मगलबार सबै प्रदेशका महासङ्घ तथा यसका आबद्ध/सम्बद्ध संस्थाका प्रदेश समिति तथा जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरु जम्मा भई प्रदेशको सामाजिक विकास मन्त्रालयमा ३ घण्टा(११:०० बजे देखि २:०० बजेसम्म) धर्ना दिने । धर्नाको समापन सँगै ३० बुँदे र ५१ बुँदे सहमतीका छायाप्रति सहित केन्द्रबाट पठाएको जानकारी पत्र पेश गर्ने । कार्यक्रमको संयोजन महासङ्घको प्रदेश समिति तथा आबद्ध/सम्बद्ध संस्थाका प्रदेश समितिले गर्ने ।

४.**संसद सदस्यलाई जानकारी तथा पक्षीकरणः** वि.सं.२०८० भाद्र १ गते शुक्रबार सबै प्रदेश तथा सङ्घीय सांसद समक्ष सम्बन्धित जिल्लाका महासङ्घ तथा आबद्ध/सम्बद्ध संस्थाका नेतृत्वले ३० बुँदे र ५१ बुँदे सहमतीका छायाप्रति बुझाउँदै सङ्घीय शिक्षा ऐन निर्माणमा विद्यालय शिक्षा र शिक्षक-कर्मचारीका मागमुद्दाको पक्षीकरणमा सहयोग गर्न आग्रह गर्ने ।

५. **केन्द्रमा पक्षीकरणः** यो अवधिमा महासङ्घ राष्ट्रिय समिति तथा आबद्ध/सम्बद्ध संस्थाको मुख्य नेतृत्वले नेपाल सरकार, राजनीतिक दलका मुख्य नेता, संसदीय दलका प्रमुख सचेतक, संसदको शिक्षा, स्वास्थ्य र सूचना प्रविधि समितिका सांसदहरुसंग अन्तरक्रिया, भेटघाट, छलफल तथा पक्षीकरण गर्ने ।

**ख) दोस्रो चरण :**

१. **काठमाडौंमा बृहत् प्रदर्शनः** नयाँ सङ्घीय शिक्षा संसदमा दर्ता भएको पाँचौं दिनबाट देशभरिका शिक्षक-कर्मचारी उपस्थित भई काठमाडौंमा लगातार बृहत् विरोध प्रदर्शन गर्ने ।

लक्ष्मीकिशोर सुवेदी
महासचिव

कमला तुलाधर
अध्यक्ष

पेज १



CamScanner

## शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र नेपाल शिक्षक महासङ्घबीच मिति २०७५ फाल्गुण ९ गते भएको वार्ताका

### सहमतिहरू

१. समग्र शिक्षा प्रणालीको पहुँच र गुणस्तर विकास गर्ने प्रयोजनका लागि अन्तर्राष्ट्रिय मन्चहरूमा राज्यले गरेको प्रतिबद्धता र राष्ट्रिय आवश्यकता तथा विभिन्न मञ्चमा व्यक्त प्रतिबद्धता पूरा गर्न प्रत्येक वर्ष शिक्षा क्षेत्रको लगानी क्रमश: वृद्धि गर्दै कुल राष्ट्रिय बजेटको कम्तीमा १५% देखि २०% सम्म लगानी सुनिश्चित गर्ने ।

२. संविधानको धारा ३१ को शिक्षासम्बन्धी मौलिक हकमा उल्लिखित अनिवार्य तथा नि:शुल्क शिक्षा व्यवस्था कायम गर्न आवश्यक ऐन, कानुन र नियमावली निर्माण गरी लक्ष्य प्राप्त गर्ने ।।

३. पाठ्यक्रमको ढाँचा निर्माण, टिचिङ काउन्सिलको स्थापना, शिक्षासँग सम्बन्धित सबै समिति, परिषद्, आयोग या कार्यदलमा नेपाल शिक्षक महासङ्घको संस्थागत उपस्थिति र शिक्षक तथा कर्मचारीको नियुक्ति, बढुवा, सरुवा तथा विद्यालय व्यवस्थापन समिति गठनका सम्बन्धमा निम्न बमोजिम् गर्ने :

क) **पाठ्यक्रमको ढाँचा** : सङ्घीय सरकारद्वारा तय गरेको राष्ट्रिय पाठ्यक्रम ढाँचाको अधीनमा रही सबै प्रदेश र स्थानीय तहमा एकै ढाँचाका पाठ्यक्रम लागू गर्ने तथा उक्त पाठ्यक्रममा प्रादेशिक तथा स्थानीय पाठ्यक्रम समावेश गर्दा समेत सङ्घीय सरकारद्वारा जारी गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूपको अधिनमा रहेर गर्नुपर्ने व्यवस्था गर्ने ।

ख) **नेपाल टिचिङ काउन्सिल** : सङ्घीय शिक्षा ऐनमा नेपाल टिचिङ काउन्सिलको प्रवन्ध गर्ने । टिचिङ काउन्सिलले विद्यालय शिक्षकको मापदण्ड, शिक्षक रजिस्ट्रेसनका लागि आवश्यक परीक्षा लगायतका काम गरी कानुनमा व्यवस्था गरी शिक्षण अध्यापन अनुमति पत्रको काम समेत गर्ने व्यवस्था गर्ने ।

ग) **जिल्लामा शिक्षाको एकाइ** : सङ्घीय सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहतमा रहने गरी र प्रदेश सरकारको समेत काम गर्ने गरी जिल्लामा शिक्षा मन्त्रालयको एकाइ व्यवस्था गर्ने र त्यस्तो एकाइको कार्य विवरणमा शिक्षकको नियुक्ति, सरुवा तथा पदस्थापन, बढुवा, शिक्षकको लामो बिदा स्वीकृति, शिक्षाको विदा प्रमाणीकरण, विभागीय सजाय र सोको अभिलेखीकरण, पाठ्यक्रम तथा मूल्याङ्कन सम्वन्धी काम, शिक्षक सेवा आयोग र शिक्षक किताबखाना सम्वन्धी काम, कक्षा १० र १२ को सार्वजनिक परीक्षा व्यवस्थापन जस्ता विषयहरू राख्ने प्रवन्ध गर्ने ।

घ) **विद्यालय व्यवस्थापन समिति** : सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिमा अभिभावकले आफूहरूमध्येवाट छनोट गर्ने व्यवस्था गर्ने र उक्त समितिमा शिक्षक/कर्मचारीबाट एकजना सदस्य रहने तथा प्रधानाध्यापक पदेन सदस्य–सचिव रहने व्यवस्था गर्ने ।

४. **नमुना विद्यालय छनौट र स्वीकृति** : नमुना विद्यालय छनौट गर्ने सन्दर्भमा पारदर्शी सूचक बनाएर ती सूचकहरूको आधारमा निश्चित प्राप्ताङ्क प्राप्त गर्ने विद्यालयलाई उपलब्ध कोटा बमोजिम प्राथमिकता क्रमका आधारमा छनोट गर्ने ।

५. **दरवन्दी मिलान र पुनर्वितरण** : शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण कार्यदलले दिएको प्रतिवेदन समेतलाई मध्यनजर गर्दै हरेक विद्यालयमा प्रधानाध्यापकवाहेक कक्षागत र विषयगत दरवन्दीको उपलब्धता हुने गरी राष्ट्रिय/प्रादेशिक/स्थानीय तहमा दरवन्दी मिलान गर्ने । यसरी दरवन्दी पुनर्वितरण गर्दा अपुग हुने दरवन्दीका सम्वन्धमा आवश्यक व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक पहल गर्ने ।

६. **सङ्घीय ऐनमा गरिने प्रवन्धहरू** : भविष्यमा तर्जुमा गरिने सङ्घीय शिक्षा ऐनमा निम्न कुराहरूलाई समेत समावेश गर्ने :

क) विद्यालय शिक्षकको सेवा शर्त र सुविधाको मापदण्ड सङ्घीय सरकारले तोक्ने र त्यस्तो सुविधा समान तहको निजामती सेवाको कर्मचारी भन्दा आकर्षक बनाइने ।



L. K. Subedi

ख) हाल सेवा निवृत्त भएका शिक्षकको निवृत्तभरण तथा हाल स्थायी शिक्षकको रूपमा काम गर्दै गरेका सबै शिक्षकको तलब भत्ता, निवृत्तभरण, उपदान, औषधि उपचार र बीमा खर्चको दायित्व सङ्घीय सरकारमा रहने ।

ग) शिक्षक तथा विद्यालय कर्मचारीको पेसागत उन्नयन तथा हक, हित प्राप्ति र संरक्षणका लागि नेपाल शिक्षक महासङ्घ रहने र नेपाल शिक्षक महासङ्घ स्वीकृत विधान अनुसार सञ्चालन हुने ।

घ) स्थानीय, प्रदेश र सङ्घीय तहमा रहने शिक्षासँग सम्बन्धित सबै आयोग, परिषद्, काउन्सिल, समिति, कार्यदल आदिमा नेपाल शिक्षक महासङ्घको संस्थागत प्रतिनिधित्वको व्यवस्था गर्ने ।

ङ) शिक्षक र शिक्षा क्षेत्रका समस्याको निराकरणका लागि सहजीकरण तथा समन्वय गर्न स्थानीय, प्रदेश र सङ्घीय तहमा शैक्षिक संवाद समन्वय समितिको गठन हुने । उक्त समितिमा महासङ्घको तर्फबाट महिला समेतको सहभागिता हुने गरी ५ देखि ९ जनासम्म प्रतिनिधित्व हुने व्यवस्था गर्ने ।

**७. विद्यालय कर्मचारीबारे :**

क) सामुदायिक विद्यालयमा मन्त्रालयले स्वीकृत गरेबमोजिमको सङ्ख्यामा कर्मचारी दरवन्दी रहने व्यवस्था गर्ने ।

ख) २०५९ जेष्ठ १५ गतेसम्म तत्कालीन प्रचलित कानुन बमोजिम स्वीकृत दरवन्दीमा नियुक्ति पाइ हालसम्म अविच्छिन्न रूपमा कार्यरत विद्यालय कर्मचारी सेवामा नरहने भएमा तोकिएबमोजिमको सुविधा उपलव्ध गराउने व्यवस्था गर्ने ।

ग) स्वीकृत विद्यालय कर्मचारीको दरवन्दीमा पदपूर्ति गर्दा हालसम्म नेपाल सरकारवाट तलव भत्ता प्राप्त गरी नियमानुसार कार्यरत कर्मचारी मध्येबाट शिक्षक सेवा आयोगले तोकेबमोजिम विज्ञापन गरी आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गर्ने साथै एकपटकका लागि कर्मचारीलाई उमेरको हद नलाग्ने व्यवस्था गर्ने ।

घ) विद्यालय गाभिएको अवस्थामा ती विद्यालयमा कार्यरत कर्मचारीलाई पायक पर्ने विद्यालयमा राखी सेवाको सुनिश्चितता गर्ने ।

**८. राहत शिक्षक, बाल कक्षा शिक्षक तथा तत्कालीन उच्च माध्यमिक तहका तथा विशेष शिक्षाका शिक्षकबारे :**

हाल कार्यरत राहत शिक्षक, साविक उच्च माध्यमिक तहका शिक्षक, प्राविधिक धारका शिक्षक, विशेष विद्यालयका शिक्षक, बाल कक्षाका शिक्षकहरूको शिक्षक पदलाई निश्चित मापदण्डका आधारमा स्वीकृत दरवन्दीमा परिणत गरी एक वर्ष भित्र शिक्षक सेवा आयोगबाट आन्तरिक/खुला प्रतियोगितामार्फत एकपटकका लागि उमेरका हद नलाग्ने गरी स्थायीको प्रक्रियामा लैजानका लागि प्रबन्ध गर्ने ।

**९.शिक्षक अस्पताल:** केन्द्रीय तहमा सुविधा सम्पन्न शिक्षक अस्पताल खोल्नका लागि प्रबन्ध गर्ने र ७ वटै प्रदेश शिक्षक तथा विद्यालय कर्मचारीको सहुलियतपूर्ण उपचारको प्रबन्धका लागि आवश्यक व्यवस्था मिलाउने ।

**१०.राजनीतिक आग्रह तथा द्वन्द्व पीडित शिक्षक सम्बन्धमा:** द्वन्द्व पीडित शिक्षकहरूको हकमा द्वन्द पीडित शिक्षक कर्मचारी व्यवस्थापन तथा जाँचबुझ समितिले गरेका सुझाव र सिफारिसहरू कार्यान्वयन लागि निम्न बमोजिमको व्यवस्थाका लागि प्रवन्ध गर्ने ।

क) स्थायी सेवावाट हटाइएका वा विस्थापित भएका तथा स्थायी नियुक्ति लिई विद्यालयमा हाजिर हुन जान नसकेका शिक्षकलाई पुनर्वहाली गरी बीचको टुटेको अवधि गणना हुने गरी काम काजमा लगाउने । यसरी पुनर्स्थापित भइ कामकाज गर्न सम्भव नभएका शिक्षकलाई बीचको टुटेको सेवा अवधि गणना गरी निवृत्तभरण वा उपदान जे पाउने हो उपलब्ध गराउने ।

ख) अस्थायी शिक्षकको हकमा बीचको टुटेको अवधि गणना गरी शिक्षा ऐन २०२८ को दफा ११ को उपदफा ९ मा भएको व्यवस्थाबमोजिम हाल अस्थायी शिक्षकले पाउने सरहको सुविधा दिने ।

L.N. Subedi

ग) स्थायी शिक्षक भई काम गरेका र हाल मृत्यु भइसकेका शिक्षकको हकमा स्थायी शिक्षकले पाउने सरहको पारिवारिक वृत्ति उपलब्ध गराउने ।

घ) वेदनिधि निराला कार्यदलको प्रतिवेदनमा उल्लिखित सिफारिसहरू यथासम्भव कार्यान्वयन गराउने ।

ङ) राजनीतिक आग्रहका कारण जुनसुकै कालखण्डमा सेवाबाट हटाइएका स्थायी शिक्षक भए पनि निजलाई हटाइएको मितिबाट अहिलेसम्मको अवधि गणना गरी पुनर्बहाली गर्ने । यदि यस अघि नै उमेर ६० पुगी सकेको भए सो उमेरसम्मको सेवा अवधि जोडी निवृत्तभरण वा उपदान जे पाउने हो सो उपलब्ध गराउने ।

च) विभिन्न कालखण्डमा शिक्षकको पेसागत नेतृत्वमा रहेर काम गर्दा सेवा अवधि नजोडिएका शिक्षकको टुटेको सेवा अवधि गणना गरी निवृत्तभरण वा उपदान वा बेतलवी काज जे पाउने हो सो प्रबन्ध गर्ने ।

छ) वि.सं. २०६८ चैत २ गतेको सम्झौताअनुसार सम्झौता भएको मिति र शिक्षा ऐन २०२८ को आँठौं संशोधन जारी भएको मितिको बीचमा उमेर हदका कारण अनिवार्य अवकाश भएका अस्थायी शिक्षकलाई समेत कानुनमा व्यवस्था गरी तोकिएबमोजिम सुविधा उपलब्ध गराउने ।

**११.तलब भत्ता र ग्रेड सम्बन्धमा:** शिक्षकको तलबमान र उच्चतम् ग्रेड सङ्ख्यामा रहेको विभेद हटाइ सबै तहका शिक्षकलाई समान तहका निजामती सेवाका कर्मचारी सरहको तलब तथा ग्रेड र एक वर्ष पूरा भएपछि ग्रेड वृद्धि हुने व्यवस्था गर्ने ।

**१२.विद्यालयको सम्पत्तिको स्वामित्व:** गाभिएका वा वन्द भएका सामुदायिक विद्यालयको चल अचल सम्पत्ति नेपाल सरकारको हुने व्यवस्था गर्न सङ्घीय ऐनमा कानुनी प्रवन्ध गर्ने । विद्यालय वन्द भएमा त्यस्तो संरचना शैक्षिक कार्य बाहेक अन्यमा प्रयोग गर्न नमिल्ने कानुनी प्रवन्ध गर्ने तर नेपाल सरकारको स्वीकृतिमा स्थानीय तहले अन्य प्रयोजनमा पनि प्रयोग गर्न सकिने प्रवन्ध गर्ने ।

**१३. शिक्षकको मर्यादाक्रम:** शैक्षिक/प्राज्ञिक क्षेत्रका लागि छुट्टै मर्यादाक्रम कायम गर्न आवश्यक पहल गर्ने ।

**१४.गोल्डेन हैण्डसेक:** अस्थायी शिक्षकका लागि लिएको आन्तरिक परीक्षामा सामेल नभएका र सामेल भए पनि स्थायीको लागि सिफारिस हुन नसकेका शिक्षकहरूलाई शिक्षा ऐनबमोजिम अविलम्ब एकमुष्ठ गोल्डेन हैण्डसेक उपलब्ध गराउने । यस विषयलाई नयाँ ऐनमा समावेश गर्ने ।

**१५.निम्न माध्यमिक द्वितीय र प्राथमिक द्वितीय तहको पद समायोजन:** निम्न माध्यमिक द्वितीय तहवाट सेवा प्रवेश गरेका निम्न माध्यमिक द्वितीय तथा प्रथम श्रेणीको पदलाई क्रमश: माध्यमिक तृतीय तथा माध्यमिक द्वितीय तहमा समायोजन गर्ने । त्यस्तै, उच्च प्राथमिक तहवाट स्थायी सेवा प्रवेश गरेका प्राथमिक द्वितीय र प्रथम श्रेणीको पदलाई क्रमश: निम्न माध्यमिक तृतीय र निम्न माध्यमिक द्वितीय तहमा समायोजन गर्ने । साथै आवश्यक न्यूनतम् योग्यता र लाइसेन्स भएका स्थायी शिक्षकको हकमा तहगत बढुवाका लागि कानुनी प्रबन्ध गर्ने । निम्न माध्यमिकशिक्षक द्वितीय पदमा रही माध्यमिक शिक्षक तृतीय पदमा आन्तरिक परीक्षा उत्तीर्ण गरेका शिक्षकलाई पदस्थापन गर्दा सोही दरवन्दी माध्यमिक शिक्षक तृतीय रूपान्तरण गर्ने कानुनी व्यवस्था गर्ने ।

**१६. प्रधानाध्यापक पद र भत्ता:** प्रधानाध्यापक पदका लागि आवश्यक योग्यता तोकी छुट्टै पद सिर्जना गरी शिक्षक सेवा आयोग मार्फत कम्तीमा सम्वन्धित तहमा ५ वर्ष स्थायी सेवा गरेका परीक्षा गरी नियुक्त गर्न आवश्यक प्रवन्ध गर्ने । यसरी नियुक्त हुने प्रधानाध्यापकका लागि सम्वन्धित तहको न्यूनतम तलबको १५% रकम थप प्रवन्ध गर्ने । यसरी नियुक्त हुने प्रधानाध्यापकका लागि सम्बन्धित तहको न्यूनतम तलबको १५% रकम थप भत्ताको रूपमा उपलब्ध गराउन कानुनी प्रबन्ध गर्ने । प्रचलित कानुन बमोजिम् नियुक्त भई काम काज गरिरहेका प्रअको हकमा यथावत आफ्नो कार्यावधि पूरा गर्न बाधा नपुग्ने प्रबन्ध गर्ने ।

**१७.उत्तीर्ण अस्थायी शिक्षकको नियुक्ति र पदस्थापन सम्बन्धमा:** अस्थायी शिक्षकका लागि लिइएको आन्तरिक परीक्षामा उत्तीर्ण भएका र आफ्नै दरवन्दी भएका शिक्षकलाई सोही दरवन्दीमा नियुक्ति तथा पदस्थापन गर्ने । रिक्त दरवन्दीमा कार्यरत नभएका तर आन्तरिक परीक्षामा उत्तीर्ण भएका शिक्षकको हकमा भने सोही जिल्लाको कुनै पनि रिक्त दरवन्दीमा नियुक्ति तथा पदस्थापन गर्ने ।

१८. **सामाजिक सुरक्षा कार्यक्रमः** नेपाल सरकारले आ.व. २०७५/०७६ वाट लागू गरेको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम निजी लगानीका विद्यालयमा कार्यरत शिक्षकको लागि अनिवार्य लागू गर्ने ।

१९. **आन्तरिक प्रतियोगितामा छुटेका अस्थायी शिक्षकका सम्बन्धमा :** वि.सं. २०७५ साल असार महिनामा अस्थायी शिक्षकहरूका लागि सञ्चालित आन्तरिक प्रतियोगितात्मक परीक्षामा विविध कारणले समावेश हुन नसकेकाहरूका लागि कानुनमा व्यवस्था गरी एकपटकका लागि आन्तरिक प्रतियोगिता सञ्चालन गर्ने ।

२०. **अन्य विषयका सम्बन्धमाः** नेपाल शिक्षक महासङ्घले देशका शैक्षिक विकासका पक्षमा रहेका मागहरू ६ ओटा र शिक्षकको पेसागत हितका लागि राखिएका २६ ओटा मागहरूका सम्बन्धमा मिति २०७५ मङ्सिर २४ गते भएको ७ बुँदाका सहमति र मिति २०७५ पुस १९ गते भएको ३ बुँदाका सहमति समेत यसै सम्झौताका अभिन्न अङ्ग रहने र यस वार्तामा सहमति हुन बाँकी रहेका मागका सम्बन्धमा पुनः छलफल गरी टुङ्ग्याउने । यस समितिका निर्णयहरूलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले क्रमशः कार्यान्वयन गर्दै लैजाने ।

**हस्तारक्षरकर्ताहरू**

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका तर्फबाट**

खगराज बराल, सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

बाबुराम पौडेल, महानिर्देशक, शिक्षा तथा मानव स्रोत विकास केन्द्र

बैकुण्ठप्रसाद अर्याल, सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

कृष्णप्रसाद काप्री, सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**नेपाल शिक्षक महासङ्घ तर्फबाट**

बाबुराम थापा, अध्यक्ष,
नेपाल शिक्षक महासङ्घ

राजेन्द्रराज पौडेल,
सदस्य

लक्ष्मण शर्मा, सदस्यं

शङ्कर अधिकारी, सदस्य

पूर्ण दवाडी, [illegible], सदस्य

लक्ष्मीकिशोर सुवेदी, सदस्य

सानोभाइ कार्की, सदस्य

रमेश रुपाखेती, सदस्य

यादवराज पाण्डे, सदस्य

हेमचन्द्र महतो, सदस्य

प्रदीप श्रेष्ठ, सदस्य



CamScanner

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षक महासङ्घ विच भएको वार्ताबाट भएका सहमतिका विषयहरू**

१. वार्तामा सहभागि हुन आउने शिक्षकका प्रतिनीधिहरूलाई वार्ताको अवधिभर काजको व्यवस्था गर्ने, सो को लागि शिक्षा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने ।

२. शिक्षक महासंघले शैक्षिक विकास र पेसागत विषयसंग सम्बन्धित विभिन्न ३२ बुँदे माग राखि गरेको विभिन्न चरणको आन्दोलनमा भएका विभिन्न प्रकारका धरपकड तथा बल प्रयोग भएको र त्यस्ताप्रकारका नहुनुपर्ने घटना भएकोमा त्यसप्रति दु:ख व्यक्त गर्ने ।

३. आवश्यकता अनुसार कक्षागत भार तथा अध्यापन हुने विषयका आधारमा हरेकविद्यालयमा कम्तिमा पनि प्रधानाध्यापक बाहेक कक्षागत तथा विषयगत दरबन्दी रहने गरी राष्ट्रिय स्तरमा दरबन्दी सिर्जना, पुनर्वितरण र मिलान सम्बन्धमा नेपाल सरकारबाट पुर्व सचिव महाश्रम शर्माको संयोजकत्वमा गठित शिक्षक दरवन्दी पुनर्वितरण तथा सुझाव कार्यदलले दिएको सुझाव समेतलाइ दृष्टिगत गरी माग बमोजिम शीघ्र कार्यान्वयनमा लैजाने व्यवस्था गर्ने ।

४. आफुखुशी ऐन, निर्देशिका वा कार्यविधि बनाएर स्थानीय तहले प्रधानाध्यापक, शिक्षक तथा विद्यालय कर्मचारीहरूको नियुक्ति, सरुवा तथा बर्खास्तगी गर्ने कार्य भइरहेको भन्ने मागका सम्बन्धमा नेपालको संविधानको धारा ३०४ मा " यो संविधान प्रारम्भ हुँदाका वखत कायम रहेका नेपाल कानुन खारेज वा संशोधन नभएसम्म लागु रहनेछन्" व्यवस्था रहेको, शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ खारेज नभइसकेको तथा सङ्घीय तथा प्रादेशिक शिक्षा ऐन समेत नबनेको वर्तमान अवस्था तथा स्थानिय तहका कतिपय कामलाई सम्मानित अदालतले समेत बदर गरेको परिप्रेक्ष्यमा कार्यरत शिक्षक तथा प्रधानाध्यापकको नियुक्ति, सरुवा, बर्खास्तगी तथा नयाँ शिक्षक नियुक्तिका काम शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ अनुसार नै गर्न गराउन तथा यस अघि भएका नियम विपरीत सबै कार्यहरू(विद्यालय व्यवस्थापन समिति सम्बन्धि समेत)बदर गर्दै अविलम्व स्थानिय तहमा स्थानिय विकास तथा सङ्घीय मामिला मन्त्रालय मार्फत परिपत्र गर्ने ।

५. संस्थागत विद्यालयमा कार्यरत शिक्षकको नियुक्ति, सेवा र शर्त पारदर्शी गराएर सामुदायिक विद्यालयका शिक्षक सरहको सुविधा दिने प्रबन्ध गर्ने व्यवस्था कार्यान्वयन

CamScanner

गरियोस् भन्ने मागका सम्बन्धमा कार्यान्वयनका लागि सबै स्थानिय तहमा परिपत्र गर्न स्थानिय विकास तथा सङ्घीय मामिला मन्त्रालयलाई अनुरोध गर्ने ।

६. शिक्षा मन्त्रालय अन्तरगतका निकायहरू र नेपाल शिक्षक महासङ्घबिच निरन्तर सम्वादका लागि केन्द्रीय तहमा गठित शैक्षिक संवाद समन्वय समिति अबिलम्ब क्रियाशिल गरियोस् र संवादका लागि त्यस्तै समिति प्रदेश, जिल्ला तथा गाउँ/नगरपालिकामा समेत गठन गर्ने कानुनी प्रबन्ध गरियोस् भन्ने मागका सम्बन्धमा मन्त्रालयमा उक्त समिति गठन भइ क्रियाशील रहेको र प्रदेस तथा स्थानीय तहमा शैक्षिक समस्या समाधानमा सहजीकरण गर्ने प्रयोजनका लागि सम्बन्धित तहमा सम्बाद समिति गठन गर्न संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालय मार्फत अनुरोध गरी पठाउने ।

७. विद्यालय शिक्षासँग जोडिएका सबै संस्थाहरूले लिने विज्ञ सेवामा अनिवार्य रूपमा विद्यालय शिक्षकहरूको उपस्थिति र बाहुल्यतामा ध्यान दिइयोस् भन्ने मागका सम्बन्धमा सकरात्मक रुपमा लिदै तोकिएका विज्ञ सेवामा तोकिएको मापदण्डका आधारमा उक्त व्यवस्थाको लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तरगतका निकायहरूमा तत्काल परिपत्र गर्ने ।

<u>हस्ताक्षरकर्ताहरु</u>

| | | | |
|---|---|---|---|
| १. | खगराज बराल | सचिव | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |
| २. | सूर्यप्रसाद गौतम | सहसचिव | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |
| ३. | वैकुण्ठप्रसाद अर्याल | सहसचिव | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |
| ४. | वाबुराम पौडेल | महानिर्देशक | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| ५. | कृष्णप्रसाद काप्री | महानिर्देशक | शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| ६. | बाबुराम थापा | अध्यक्ष | नेपाल शिक्षक महासंघ |
| ७. | राजेन्द्रराज पौडेल | पदेन सदस्य | नेपाल शिक्षक महासंघ |
| ८. | लक्ष्मण शर्मा | पदेन सदस्य | नेपाल शिक्षक महासंघ |
| ९. | शङ्कर अधिकारी | पदेन सदस्य | नेपाल शिक्षक महासंघ |
| १०. | घनश्याम पाठक | पदेन सदस्य | नेपाल शिक्षक महासंघ |
| ११. | पूर्णप्रसाद दवाडी | सह-अध्यक्ष | नेपाल शिक्षक महासंघ |
| १२. | लक्ष्मी किशोर सुवेदी | महासचिव | नेपाल शिक्षक महासंघ |

CamScanner

| | | | |
|---|---|---|---|
| १३. शेरबहादुर अधिकारी | उपमहासचिव | नेपाल शिक्षक महासंघ |
| १४. बहादुर खड्का | पदेन सदस्य | नेपाल शिक्षक महासंघ |
| १५. होमबहादुर थापा | पदेन सदस्य | नेपाल शिक्षक महासंघ |
| १६. तिलक कुँवर | उपाध्यक्ष | नेपाल शिक्षक महासंघ |
| १७. सानोभाइ कार्की | पदेन सदस्य | नेपाल शिक्षक महासंघ |
| १८. यादवराज पाण्डे | पदेन सदस्य | नेपाल शिक्षक महासंघ |
| १९. हेमचन्द्र महतो | उपाध्यक्ष | नेपाल शिक्षक महासंघ |
| २०. टिकादेवी राइ | उपाध्यक्ष | नेपाल शिक्षक महासंघ |

मिति: २०७५ मङ्गसीर २४

CamScanner

नेपाल रिक्शा महासंघले प्रस्तुत गरेका मागहरूका सम्बन्धमा वार्ता गर्न गठित वार्ता टोलीका संयोजक एवं सचिव खगराज बरालको संयोजकत्वमा वार्ता टोलीका सदस्यहरू र नेपाल रिक्शा महासंघ वार्ता टोलीका सदस्यहरूको देहाय बमोजिमको उपस्थितिमा आज मिति २०६५/०८/१७ गतेका दिन वार्ता गरियो।

उपस्थिति :

१. सचिव, खगराज बराल - संयोजक
२. सहसचिव, सूर्य प्रसाद गौतम - सदस्य
३. सहसचिव, बैकुण्ठ प्रसाद उप्रेती - सदस्य
४. महानिर्देशक, बाबुराम पौडेल - सदस्य
५. महानिर्देशक, कृष्ण प्रसाद काफ्ले - सदस्य
६. अध्यक्ष, बाबुराम थापा, ने.रि.महासंघ - संयोजक
७. राजेन्द्र राज पौडेल " - सदस्य
८. लक्ष्मण शर्मा " - सदस्य
९. शंकर अधिकारी " - सदस्य
१०. घनश्याम पाठक " - सदस्य
११. पूर्ण प्रसाद दवाडी " - सदस्य
१२. लक्ष्मी किशोर सुवेदी " - सदस्य
१३. शेर बहादुर अधिकारी " - सदस्य
१४. बहादुर खड्का " - सदस्य
१५. होम बहादुर थापा " - सदस्य
१६. तिलक कुँवर " - सदस्य
१७. सानोभाइ कार्की " - सदस्य
१८. शरद राज पाण्डे " - सदस्य
१९. हेमचन्द्र महतो " - सदस्य
२० शान्ति नाथ योगी "
२१ प्रदिप शाह "
२२ विदुर राज गिरी, रा. वि. तथा यु. मन्त्रालय
२३ नगेन्द्र प्रसाद रेग्मी, शि तथा मानव स्रोत विकास केन्द्र
२४ अमन राई ISTU

निर्णयहरू :

नं.(१) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३२५ मिति २०७५/८/१२ को पत्र र मन्त्रालयले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई मिति २०७५/८/२६ मा लेखेको पत्रका बुँदाहरू सबै शिक्षा तथा मानव स्रोत विकास केन्द्र मार्फत शिक्षा विकास तथा समन्वय इकाईहरूलाई जानकारी गराउने ।

नं.(२) विद्यालय कर्मचारी र बाल विकास केन्द्रका सहयोगीकार्यकर्ताहरूलाई पोशाक र महँगी भत्ता बापतको रकम प्रदान गर्ने व्यवस्थाका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत अर्थ मन्त्रालय संग निकासा प्रक्रियाका लागि अगाडि बढाउने ।

नं.(३) नेपाल शिक्षक महासंघ राष्ट्रिय समितिले राखेका माग हरूका सम्बन्धमा छलफल गरी सहमति हुन बाँकी रहेका बुँदाहरूको सहमतिका बुँदाहरू तयार गर्न देहाय बमोजिमका कार्यदल गठन गर्न सहमति भयो ।

(क) पूर्ण प्रसाद दवाडी नि.अध्यक्ष नेपाल शिक्षक महासंघ रा.स.
(ख) लक्ष्मी किशोर सुवेदी महासचिव नेपाल शिक्षक महासंघ रा.स.
(ग) लक्ष्मण शर्मा अध्यक्ष नेपाल राष्ट्रिय शिक्षक संगठन
(घ) कृष्ण प्रसाद काप्री सहसचिव शैक्षिक गुणस्तर (परीक्षा) केन्द्र
(ङ) विदुरराज गिरी उपसचिव शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
(च) नगेन्द्र प्रसाद रेग्मी निर्देशक शिक्षा तथा मानव स्रोत विकास केन्द्र